# तल्लो कर्णाली जलाधारका लागि भावी कार्यदिशा

तल्लो कर्णाली जलाधारको भावी कार्यदिशाको सन्दर्भमा, स्थानीय जनप्रतिनिधि, सरकारी अधिकारीदेखि स्थानीय व्यवसायी लगायत स्थानीय वासिन्दाले यी सुझावहरूको तर्जुमा गरेका हुन, जसले विभिन्न दृष्टिकोणको प्रतिनिधित्व गर्दछ । त्यस अर्थमा, यी कार्य तथा प्रतिवद्धताले तल्लो कर्णाली जलाधारको वातावरणीय विषयहरूलाई सम्बोधन गर्ने प्रयत्न गरेको छ जसले जलाधारमा अवस्थित सबै समूहहरूका लागि समाधानउन्मुख र सुधारउन्मुख  उपायहरू प्रदान गर्ने छ ।

| समस्या | कार्य/सुझाव |
|---|---|
| सोनाहा समुदाय (परम्परागत रूपमा माझा मार्ने समूह) | • स्थानीय नदीनालामा जैविक विविधताका मुख्य क्षेत्रहरू पहिचान गर्ने र माछाको व्यवस्थापन तथा दिगोपनाका लागि स्थानीय समूहहरूलाई हस्तान्तरण गर्ने,<br>• बिष, बम र करेन्टको प्रयोग गरेर माछा मार्ने विधिलाई निर्मूल पार्दै माछा मार्ने परम्परागत विधिमा सुधार ल्याउन स्थानीयहरूको क्षमता अभिवृद्धि गर्ने,<br>• जलचर संरक्षण ऐनलाई नदीमा आश्रित जनसमुदायले अनुसरण गरेको स्थानीय मूल्य, मान्यता, तथा मापदण्डअनुरुप सामञ्जस्य गर्ने गरी कार्यान्वयन गर्ने, र<br>• सोनाहाको जीविकोपार्जन सुदृढ बनाउन एक विकल्पको रूपमा पर्यापर्यटनको स्थापनालाई सहयोग गर्ने । |
| माछाको घट्दो सङ्ख्या तथा जलिय जैविक विविधता | • माछा मार्ने विनाशकारी अभ्यासहरू (जस्तैः विष, विद्युतको प्रयोग)लाई र धेरै माछा मार्ने प्रवृत्तीलाई नियमन गरिएको माछा मार्ने अभ्यास तथा जनचेतना कार्यक्रम मार्फत निरुत्साहित गर्ने,<br>• नदीको माथिल्लो क्षेत्रहरूमा कृषि गर्दा बगेर जाने माटो र भू–क्षयलाई न्यूनीकरण गर्न अनुकूलनका उपायहरू (जस्तैः हरित क्षेत्र)को शुरुवात गर्ने,<br>• स्थानीय निर्णयकर्तालाई सान्दर्भिक जानकारी प्रदान गर्दै माछा मार्नेसम्बन्धी समावेशी तथा प्रगतिशील नीति तथा निर्देशिकाको विकासका लागि सहयोग गर्ने,<br>• गिट्टि बालुवाको उत्खननलाई नियमन गर्ने र  गिटि बलुवाको उत्खननले जलीय जैविक विविधतालाई प्रभाव पार्ने भएकाले यससंग सम्बन्धित विषयमा भारतीय समकक्षिसँगको अन्तरदेशीय समन्वयलाई सुदृढीकरण गर्ने,<br>• मिचाहा प्रजाति (जस्तैः जलकुम्भी झार) हटाउने लगायतका भगरैया तालका लागि पुनःस्थापनाका लागि प्रयासहरू विकास गर्ने, र<br>• स्थानीय ताल तथा सिमसार समितिहरुको जलस्रोतको व्यवस्थापन क्षमता अभिवृद्धि गर्ने तथा यस कामका लागि सरकारी र गैर–सरकारी कोष प्राप्त गर्ने दिशामा स्थानीय समुदायको क्षमता विकास गर्ने । |
| ताल–तलैया तथा सिमसार क्षेत्रको आकार घट्दै जाने | • भविष्यमा हुने मानविय गतिबिधिबाट जलराशिहरुमा थोरैभन्दा थोरै प्रभाव परुन र जलिय जैविक विविधताको सुरक्षा तथा संरक्षण गरुन भन्ने सुनिश्चितताका लागि सिमसार संरक्षण समितिहरूको स्थापना तथा सुदृढीकरण गर्ने,<br>• जलस्रोतको व्यवस्थापन गर्न स्थानीय क्षमताको सुदृढीकरण गर्ने र यस कामका लागि सरकारी र गैर–सरकारी कोष प्राप्त गर्ने दिशामा स्थानीय समुदायको क्षमता विकास गर्ने,<br>मिचाहा प्रजाति (जस्तैः जलकुम्भी झार) हटाउने लगायतका भगरैया तालका लागि पुनःस्थापनाका लागि प्रयासहरू विकास गर्ने,<br>• सिमसार क्षेत्रका चराका प्रजातिलगायत जलीय जैविक विविधता अध्ययन अनुसन्धान गर्ने,<br>भू–संरक्षणका लागि सुधारिएका उपायहरूमार्फत् बाढीको प्रभावलाई न्यूनीकरण गर्न स्थानीय सरोकारवालाहरूसँग सहकार्यलाई अभिवृद्धि गर्ने, र<br>• ज्ञान तथा लगानीको आदानप्रदान प्रभावकारिता सुनिश्चित गर्नका लागि सिमसार क्षेत्रका वासिन्दा तथा सरकारी निकायबीचको समन्वयलाई प्रवर्द्धन गर्ने । |
| जलवायु–उत्पन्न प्राकृतिक प्रकोपमा वृद्धि | • बायो–इन्जिनियरिङ्ग प्रविधिको प्रयोग गर्दै खोलाका किनारको स्थिरतामा सुधार ल्याउने,<br>बाढीको बारेमा सूचना प्रसार गर्न पूर्व–सूचना प्रणालीको स्थापना गर्ने,<br>• मितव्ययी, जलवायु– अनुकुलित तथा वातावरणमैत्री जलाधार व्यवस्थापन अभ्यासको प्रवर्द्धन गर्ने,<br>• जीविकोपार्जनका लागि जल तथा अन्य प्राकृतिक स्रोतमा आश्रित सीमान्तकृत समुदायको अनुकूलन क्षमता सुदृढीकरण गर्ने,<br>• नदीको माथिल्लो तथा तल्लो भू–भागमा बस्ने समुदायबीच संरक्षणका अभियानलाई प्रवर्द्धन गर्न स्थानीय सञ्जालको निर्माण तथा सुदृढीकरण गर्ने । |



USAID
FROM THE AMERICAN PEOPLE

युएसएड पानी परियोजना

# तल्लो कर्णाली जलाधार

## जलधारको संक्षिप्त पार्श्वचित्र

सामुदायिक परिकल्पना:
प्राकृतिक स्रोत, जैविक विविधता संरक्षण
र दिगो उपयोगको सम्बन्धमा
समतामुलक तल्लो कर्णाली



# तल्लो कर्णाली जलाधार

तल्लो कर्णाली जलाधार बर्दिया राष्ट्रिय निकुञ्ज सहित बर्दिया, कैलाली तथा सुर्खेत जिल्लाका १० वटा नगरपालिकामा फैलिएको छ ।

कर्णाली नदीको उद्‌गम स्थल नेपालको उत्तरतर्फ चीनमा रहेको मानसरोवर र कैलाश नजिक  माम्चाखम्बाब भन्ने स्थानमा पर्दछ र कैलालिको चिसापानी सम्म आईपुग्दा यसले त्यसक्षेत्रमा शानदार गल्छिको निर्माण जुन अन्तरपर्वत(ीय र उपहिमालय माछाको प्रजातिका लागि प्रख्यात रहेको छ । समग्रमा, कणार्लीमा ७४ प्रजातिका माछाहरू पाइएका छन् जसले यस नदीलाई जैविक विविधताको हिसाबमा केन्द्रविन्दु बनाएको छ ।

उत्तरतर्फ कर्णाली नदीको भित्री सतहमा गोलाकार ढुंगाहरू रहेका छन् भने यो नदी दक्षिणी भू–भागमा पुग्दा नदीको भित्री सतहमा बालुवा पाइन्छ । यस नदीको एकदमै तीव्र वहाव र यससंग जोडिएका भुगोलहरुको कमजोर बनावटका  कारण कर्णाली नदीले उच्च अवसादको भार बोक्ने गरेको छ । चिसापानीबाट तल झर्दा कर्णाली नदी दुईवटा मार्गमा विभाजित हुन्छः पश्चिमतर्फ गेरुवा र दायाँतर्फ कर्णाली ।


ऐतिहाँसिक रूपमा हेर्नुपर्दा, तल्लो कर्णाली जलाधारलाई जनजाती, अधिकांश थारुहरूले भोगचलन गरिआएका थिए । तर, सन् १९६० ताका औंलो रोगको उन्मूलन भएयता यो क्षेत्रमा देशको पहाडी क्षेत्रबाट अवसर र जमीन खोज्दै स्थानान्तरण हुनेको सङ्ख्या उल्लेखनीय रहेको थियो । जनजाती मध्येका परम्परागत रूपमा माछा मार्ने असङ्ख्य समूहहरू वातावरणीय प्रभावको जोखिममा रहेका छन् जसले स्रोत र बस्तिका लागि नदीमाथि उनीहरूको निर्भरतालाई जटिल बनाइदिएको छ ।

## संख्यामा तल्लो कर्णाली

| | |
|---|---|
| नदी बेसिन | तल्लो कर्णाली |
| प्रदेश | प्रदेश ५ र ६ |
| कूल जलनिकास क्षेत्र | ८७५.३२ वर्ग किलोमिटर |
| खोलाको संख्या | ५९ |
| मुख्य नदीहरू | कर्णाली, गेरुवा, औरही |
| ताल तथा सिमसार क्षेत्र | तारा, बहरिया, भगरिया, बबई, ओरही |
| भू–उपायेग | वन ५५ प्रतिशत, कृषियोग्य जमीन ३४ प्रतिशत, नदी तथा खोला ९ प्रतिशत, चरण क्षेत्र २ प्रतिशत |
| नगरपालिकाहरू | गेरुवा नगरपालिका, राजपुर, ठाकुरद्वारा, मधुवन नगरपालिका, टीकापुर नगरपालिका, जानकी र मोहनयाल गाउँपालिका, पञ्चपुरी र बाह्रताल गाउँपालिका |
| जनसंख्या | १७१,९४३ (४८ प्रतिशत पुरुष, ५२ प्रतिशत महिला) (केन्द्रीय तथ्यांक विभाग, २०११) |
| जातीय समूहहरू | बाहुन/क्षत्री २६ प्रतिशत, जनजाती १७ प्रतिशत (थारु ८९ प्रतिशत), दलित ८ प्रतिशत, अन्य ५ प्रतिशत |

# तल्लो कर्णाली
# जलाधारको स्थलगत नक्सा

**River Basin: Mahakali** **Watershed Code: 323**







## तल्लो कर्णाली जलाधार क्षेत्रका वातावरणीय सवालहरु

परियोजनाले सहयोग गरेको बहु–सरोकार संलग्न कार्यशालामा सहभागी भएका जलाधारका सरोकारवालाहरूले पहिचान गरेका वातावरणीय सवालहरू यस नक्शामा राखिएका छन् । यस्ता सवालहरू र समस्याहरू व्याप्त रहेको क्षेत्रहरूको पहिचान गरेर स्वच्छ पानी, सुदृढ जैविक विविधता तथा प्राकृतिक स्रोतको दिगो प्रयोगको सुनिश्चिततताका लागि स्थानीय सरकार तथा निर्वाचन क्षेत्रहरूले यी जानकारीको प्रयोग गर्दै अल्प तथा दीर्घकालीन योजनाहरूको तर्जुमा गर्नेछन् भन्ने विश्वास लिइएको छ ।




## तल्लो कर्णाली जलाधार क्षेत्रको जलिय जैविक विविधतामा देखिएका जोखिमहरु

तल्लो कर्णालीमा लोपोन्मुख गङ्गीय डल्फिनको गतिविधि सरोकारको प्रमुख विषय हो र यो जलाधारका लागि यो विशेष र पृथक रहेको छ । सन्दर्भ नक्साको सिर्जना गर्न जिआइएस तथा स्थलगत अध्ययनबाट आएका तथ्याङ्कलाई समायोजन गरिएको यस्तो प्रकारको नक्साले जलिय जैविक विविधता संरक्षण गर्नका लागि प्रभावकारी रणनीतिको तर्जुमा गर्न सहयोग पुग्नेछ ।




# तल्लो कर्णाली जलाधारको स्वास्थ्य सूचकहरुको - सारसंक्षेप

यस जलाधार स्वास्थ्य विवरणले बहु–सरोकारवालाहरूसँग गरिएको परामर्श प्रक्रियाबाट छनौट गरिएका पूर्व परिभाषित सूचकहरूका आधारमा जलाधारको अवस्थालाई गरिएको मापनलाई देखाउँछ । यी सूचकहरूले तल्लो कर्णाली जलाधार क्षेत्रको हालको स्वास्थ्य स्थितिलाई समेत दर्शाउँछ । जलाधारले भोगिरहेका जोखिम तथा चुनौती र प्राप्त अवसरलाई प्रस्तुत गर्न रङ्गको कोडको प्रयोग गरिएको छ ।

### जलाधारको स्वास्थ्य अवस्थाहरु

राम्रो | ठिकै | नराम्रो



**सुशासन एवं समानता**

- श्रोतसाधन व्यवस्थापन समुहमा सकृयता (ठिकै)
- महिला, सीमान्तकृत वर्गको निर्णायक पदमा पहुँच (ठिकै)
- निती नियममा कृयाशीलता (ठिकै)
- योजना तर्जुमामा सहभागिता (ठिकै)
- स्थानीय निकायहरुबीच समन्वय (ठिकै)
- नीतिगत प्रावधानको पालना (नराम्रो)
- लाभको बाँडफांडमा समतामूलक पहुँच (नराम्रो)
- प्रकृतिक श्रोत द्वन्द व्यवस्थापन (नराम्रो)




**पूर्वाधार र प्रायोगिक भू-सम्पदाहरूको दिगोपना**

- जलविद्युत (राम्रो)
- ग्रामीण सडक (ठिकै)
- सिंचाई (नराम्रो)
- गिट्टी बालुवा उत्खानन (नराम्रो)



**जलवायु उत्थानशीलता तथा प्रकोप जोखिम न्यूनिकरण**

- घरधुरी स्तरका प्रयास (ठिकै)
- पुर्व सूचना प्रणालीमा पहुँच (ठिकै)
- जलवायु जोखिम गम्भीरता (नराम्रो)



**जैविक विविधता र वासस्थान**

- मिचाहा प्रजाती (राम्रो)
- घरेलु सरसफाइ (ठिकै)
- भू उपयोग (ठिकै)
- माछाको परिमाण (नराम्रो)
- प्रजाति विविधता (नराम्रो)
- माछा मार्ने अभ्यास (नराम्रो)
- फोहोर व्यवस्थापन (नराम्रो)



**पानी**

- पानीमा पहुँच (राम्रो)
- पानीको उपलब्धता (ठिकै)
- पानीको गुणस्तर (ठिकै)



**दिगो कृषिक्षेत्र**

- माटो व्यवस्थापन (नराम्रो)